नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ अंक २२४ २०८० साल चैत २८ गते बुधबार (10 Apr. 2024 Wednesday) मूल्य रु. ५/-

सामाजिक संजालको प्रयोग गर्दा सावधानी अपनाऔं, सामाजिक मर्यादाको ख्याल गरौं ।

**Log in :** *rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : सबै धर्मको अर्थ शान्ति, सहिष्णुता. ३ पृष्ठमा : विश्वविद्यालय पदाधिकारी ... ३ पृष्ठमा :टर्कीएले इजराइलमाथि...

# विकासको मामलामा सप्तरी पछाडी परेकोमा राष्ट्रपति पौडेलद्वारा चिन्ता व्यक्त




**दैनिक समाचारदाता**
**राजविराज, २७ चैत ।**

राष्ट्रपति रामचन्द्र पौडेलले प्रजातन्त्रका लागि क्रान्तिभूमी रहेपनि विकासको मामलामा सप्तरी पछाडी परेकोमा चिन्ता व्यक्त गरेका छन् ।

प्रसिद्ध शक्तिपीठ सप्तरीको छिन्नमस्ता भगवती मन्दिरमा विशेष पूजापाठ गर्न मंगलबार आइपुगेका राष्ट्रपति पौडेलले सप्तरीवासीलाई सम्बोधन गर्ने क्रममा सो चिन्ता व्यक्त गरेका हुन् ।

तराई मधेश कृषिको क्रान्ति हुने ठाउँ भएपनि सिंचाई अभावका कारण सुख्खा रहेको बताउँदै उनले कोशी र कमला डाइभर्सन छिटो भन्दा छिटो संचालन हुनु पर्ने बारे आफूले सरकारलाई ध्यानाकर्षण गराउने उल्लेख गरे ।

सोही क्रममा उनले राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालको स्तरोन्तीका साथै थप सेवा बिस्तारका लागि सरकारसमक्ष आफूले कुरा राख्ने प्रतिबद्धता जनाए । उनले तराई मधेशका जिल्लाको विकासका लागि आफू सधै साथमा रहने विश्वास समेत व्यक्त गरे ।

सम्बोधन कै क्रममा राष्ट्रपति पौडेलले सप्तरी प्रजातन्त्रका लागि सचेत नागरिकहरुको बसोवासको रुपमा रहेको भन्दै सन् १९४७ मा भारतीय स्वतन्त्रता आन्दोलनका क्रममा सप्तरीकै हनुमानगर जेलमा बन्दी बनाइएका भारतीय समाजवादी नेता जयप्रकाश नारायण, डा. राममनोहर लोहिया लगायतलाई सप्तरीकै प्रजातन्त्रवादीहरुले जेल मुक्त गराएको इतिहास स्मरण गरे ।

यसअघि राष्ट्रपतिलाई छिन्नमस्ता गाउँपालिकाको तर्फबाट गाउँपालिका अध्यक्ष विद्यानन्द चौधरीले स्वागत अभिनन्दन गरेका थिए । उनले राष्ट्रपति पौडेललाई मिथिला पाग र दोसल्ला ओढाएर सम्मान गरे ।

छिन्नमस्ता भगवतीको विशेष पूजामा सरिक भएका राष्ट्रपति पौडेलको स्वागतका लागि प्रतिनिधिसभा सदस्यद्वय दिनेश कुमार यादव, तेजुलाल चौधरी, प्रदेश सांसद निलम रजक, प्रमुख जिल्ला अधिकारी किरण थापा, गाउँपालिकाका उपाध्यक्ष राजुदेवी यादव, नेपाली काँग्रेस सप्तरीका उपसभापति रामकुमार यादव, मूल पुजारी महाकान्त ठाकुर, सुरक्षा निकायका प्रमुखका साथै ठूलो संख्यामा सर्वसाधारणको उपस्थिति रहेको थियो ।

## रकम लुटपाट गर्ने दुई पक्राउ

**दैनिक समाचारदाता**
**सुनसरी, २७ चैत ।**

सुनसरी सदरमुकाम इनरुवा ९ बवियाबाट गोली प्रहार गरी पाँच लाखभन्दा बढी रकम लुटपाट गर्ने दुई जनालाई पक्राउ गरी प्रहरीले सार्वजनिक गरेको छ ।

जिल्ला प्रहरी कार्यालय सुनसरीले दुवै जनालाई पत्रकार सम्मेलन गरि सार्वजनिक गरेको हो । पक्राउ पर्नेमा सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका ३ का २९ वर्षीय इब्रान मन्सुरी मियाँ र सुनसरीको भोक्राहा नरसिंह ४ का ३६ वर्षीय उमेश मुखिया छन् ।

पक्राउ परेकाको साथबाट प्रहरीले लुटपाटमा प्रयोग भएको एउटा मोटरसाइकल र नगद एक लाख दुई हजारसमेत बरामद गरेको प्रहरी नायब उपरीक्षक नवीनकृष्ण भण्डारीले जानकारी दिएका छन् ।

गत बुधबार दिउँसो इनरुवा ९ स्थित नहरको डिलमा सुनसरी हरिनगर २ का ६१ वर्षीय साहिरा मियाँ र उनका नाती आसिफ अन्सारीमाथि गोली प्रहार गरी पाँच लाख ३५ हजार लुटपाट गरेका थिए ।

जग्गा बिक्री गरेर पाँच लाख ३५ हजार लिएर घर फर्किरहेका बेला साथबाट लुटिएको एक लाख दुई हजार मात्र बरामद भएको प्रहरीले जनाएको छ । लुटपाटमा संलग्न अन्य एक जनाको पहिचान भइसकेको र बाँकी रकम चाँडै बरामद गरिने प्रहरीको भनाई छ ।

## काठमाडौंमा राप्रपाको प्रदर्शन

काठमाडौँ, २७ चैत (रासस) ।

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले नेपाल सरकार समक्ष पेस गरेको ४० बुँदे माग पूरा गराउन दबाब सिर्जना गर्नेक्रममा मंगलबार काठमाडौंमा प्रदर्शन गरेको छ ।

त्यस क्रममा सहरका विभिन्न क्षेत्रबाट आएको जुलुस निषेधित क्षेत्र उल्लङ्घन गर्ने प्रयास गरेपछि सिंहदरबार अगाडि भद्रकाली सडकमा प्रहरीसँग झडपसमेत भएको थियो । प्रदर्शनकारीलाई नियन्त्रणमा लिन सामान्य बल प्रयोग भएको प्रहरीले जनाएको छ ।

## एक वर्षमा आगलागीबाट एक सय दुईजनाको मृत्यु

काठमाडौँ, २७ चैत (रासस) ।

गएको वैशाखदेखि यही चैतको तेस्रो सातासम्ममा आगलागीबाट नेपालमा एक सय दुईजनाको मृत्यु भएको छ ।

देशका विभिन्न क्षेत्रमा यो अवधिमा तीन हजार सात सय ९५ भन्दा बढी आगलागीका घटना भएकामा ती घटनामा एक सय दुईजनाको मृत्यु भएको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जनाएको छ ।

आगलागीबाट सो अवधिमा चार हजार सात सय २५ परिवार प्रभावित भएका छन् । आगलागीबाट रु दुई अर्ब ३३ करोड बढीको क्षति भएको प्राधिकरणका प्रवक्ता गोमादेवी चेम्जोङले जानकारी दिनुभयो । उहाँले बीचमा पानी परेका कारण आगलागी घटे पनि पुनः फैलिन थालेकाले सचेत हुन अनुरोध गर्नुभएको छ ।

यस वर्ष जाजरकोट भूकम्पबाहेक विपद्मा परेर मृत्यु हुने सबैभन्दा बढी आगलागीबाट रहेका छन् । सोही अवधिमा चट्याङबाट ४३ जनाको मृत्यु भएको छ । सर्पदंशबाट २०, हिमपहिरामा परेर १२, जनावरको आक्रमणबाट ४३, वन डढेलोबाट पाँच जनाको मृत्यु भएको प्राधिकरणको अभिलेखमा उल्लेख छ । वैशाखयताका विपद्जन्य घटनामा चार सय ७७ जनाको मृत्यु भइसकेको प्राधिकरणले जनाएको छ ।

## चतरामा महाकुम्भ मेला प्रारम्भ

**दैनिक समाचारदाता**
**सुनसरी, २७ चैत ।**

सुनसरीको वराहक्षेत्र नगरपालिकागस१ स्थित चतरामा मंगलबारदेखि महाकुम्भ मेला प्रारम्भ भएको छ । मेलाको राष्ट्रपति रामचन्द्र पौडेलले उद्घाटन गरे ।

आगामी वैशाख २८ गतेसम्म सञ्चालन हुने मेलामा ३० लाख भक्तजन सहभागी हुने अनुमान गरेर सोहीअनुरुप व्यवस्था मिलाइएको आयोजक समितिले जनाएको छ ।

मेला व्यवस्थापनका लागि मूल समितिको मातहत रहने गरी २६ वटा समिति गठन भएका छन् । कुम्भमेला क्षेत्रमा चार सय ८० व्यापारिक स्टल राखिने भएको छ । त्यस्तै मेला क्षेत्रमा एक सय ९५ वटा अस्थायी शौचालय बनाउने काम भइरहेको छ ।

कुम्भमेलाका क्रममा ४० दिनसम्म मदिरा र माछामासु बिक्री वितरण गर्न रोक लगाएको छ । मेला आयोजक समितिका सहअध्यक्ष कार्कीले सात्विक बराहक्षेत्रको सन्देश प्रवाह गर्ने उद्देश्यले मदिरा र माछामासु बिक्रीमा रोक लगाइएको छ ।

**भर्ना खुल्यो । भर्ना खुल्यो ॥ भर्ना खुल्यो ॥।**

**Wisdom School**

Rajbiraj 2, (Near Rajdevi Mandir)

**Play Group to Class 9**

**"गुणस्तरिय शिक्षा हाम्रो प्रतिबद्धता"**

**हाम्रो विशेषताहरु**

- दक्ष तथा अनुभवी शिक्षक शिक्षिकाबाट पठनपाठन गराइन्छ ।
- कम्प्युटर ल्याबको व्यवस्था भएको ।
- विज्ञान प्रयोगशालाको व्यवस्था भएको ।
- CC Camera को निगरानीमा पठनपाठन गराइन्छ ।
- Monthly Test को व्यवस्था भएको ।

**सम्पर्क फोन नं. ०३१-५९०१९२**
**मोवाइल नं. ९८१२०२२१३५ (प्रिन्सिपल)**
**मो. नं. ९८०४७२६१९२, ९८४२८२३२७१**

**हावाहुरीबाट जोगिने उपायहरु**

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं ।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### खाद्यान्न खरीद गर्दा ध्यान दिऔं

अहिलेको समयमा विभिन्न प्रकारका खाद्यान्नमा मिसवाट हुँदै आएको छ। चामल, दाल, मासु, दूध मात्र होइन दैनिक उपभोग्य हरेक सामानमा मिसाबटहरु भइरहेको छ। खाद्यान्न बाहेक पेट्रोल, डिजेल, मदिरा, मिठाई सहितका सामानमा पनि मिसाबट गर्ने गरिएको छ। खासगरी स्थानीयस्तरमा उत्पादन हुने वस्तुहरुमा खुल्लेआम मिसाबट हुँदै आएको छ। २० किलोको प्याक भएको चामल खरिद गर्दा आधा किलोसम्म अखाद्य वस्तु अर्थात ईंटाका साना टुक्राहरु फेला परिरहेका छन् भने खसीको मासुमा बाखाको मासु, तोरीको तेलमा अन्यको तेल, दूधमा पर्याप्त पानी र कमी भए पाउडर, खुर्सानीको धुलो र बेसारको धुलोमा ईंटाको धूलो मिसाउने काम भइरहेको छ।

यता हरियो तरकारी र मिठाईलाई आकर्षक बनाउन अत्यधिक रंगको प्रयोग हुँदै आएको छ। व्यक्तिको स्वास्थ्यमा नकारात्मक असर पार्ने रंगको प्रयोग हरेक किसिमको हरियो तरकारीमा व्यापारीहरुले गर्दै आएका छन्। यदी लगातार खाद्यवस्तुमा मिसाबट भइरहने हो भने व्यक्तिको स्वास्थ्यमा गम्भिर असर पर्नेछ।

खाद्यान्न खरीद गर्दा उपभोक्ताले सुरुमै चेकजाच गरेर मात्र खरीद गर्नुपर्छ। हुनत अहिलेको समयमा अधिकांश खाद्यान्नमा मिसावट भएको पाइन्छ। तसर्थ उपभोक्ताको स्वास्थ्यसँग खेलवाड गर्नेलाई कानुनी कठघरामा उभ्याउनु आवश्यक छ भने सम्बन्धीत निकायले पनि उपभोक्ताको स्वास्थ्यलाई मध्यनजर गरि अनुगमनलाई नै प्राथमिकतामा राख्नु आवश्यक छ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# सबै धर्मको अर्थ शान्ति, सहिष्णुता र बन्धुत्वको स्थापना : राष्ट्रपति



धरान (सुनसरी), २७ चैत (रासस)।

राष्ट्रपति रामचन्द्र पौडेलले राजनीतिमा जो जसले गठबन्धन बनाए पनि मुलुकको विकास र सुशासन प्रवर्द्धनका लागि सबैको एउटै मूलमन्त्र र गठबन्धन हुनुपर्नेमा जोड दिनुभएको छ।

मंगलबारदेखि यहाँ सुरु भएको १२ वर्षे कुम्भमेलाको उद्घाटन तथा उहाँको सम्मानमा गरिएको नागरिक अभिनन्दन ग्रहण गर्दै राष्ट्रपति पौडेलले निमुखा जनताको निर्बाध स्वतन्त्रता उपयोग गर्न पाउनुपर्ने सङ्घीय लोकतान्त्रिक गणतन्त्रको दर्शनलाई सबैले आत्मसात् गर्न आग्रह पनि गर्नुभयो।

"जनता आफैँले बनाएको संविधानमा व्यवस्था भएका सबै अधिकारले निमुखा जनतालाई निर्बाध स्वतन्त्रता उपयोग गर्ने विषयलाई नै सङ्घीय लोकतान्त्रिक गणतन्त्रले बोकेको दर्शनभित्रको अन्तर्य मानेको छ", उहाँले भन्नुभयो, "यो दर्शनलाई आत्मसात् गर्दै राजनीतिमा जो-जो जताजता भए पनि दिगो विकास, सुशासन र मुलुकको समृद्धिका लागि सबैको एउटै मूलमन्त्र र एउटै गठबन्धन हुन आवश्यक छ।"

उहाँले कुम्भ प्रारम्भ भएको आजको यो पवित्र दिनले गणतन्त्रले बोकेको दर्शनलाई सार्थक रूप दिन हामी सबैलाई सत्प्रेरणा मिलोस् भन्ने कामना गर्नुभयो।

राष्ट्रपति पौडेलले धर्मको अर्थ विश्वमा शान्ति, सहिष्णुता र बन्धुत्वको स्थापना गर्नुभएको र बुद्ध, ईशा र हजरत महमदले पनि यही भनेको उल्लेख गर्दै वैदिक मन्त्र द्रष्टाहरूले हजार वर्षपहिले नै अहिलेको विश्वको कोलाहल र जलवायु परिवर्तनको समस्याको त्यतिवेलै समाधानबारे उल्लेख गरेको विचार व्यक्त गर्नुभयो।

"धर्मको अर्थ विश्वमा शान्ति, सहिष्णुता र बन्धुत्वको स्थापना गर्नु हो। बुद्ध, ईशा र हजरत महमदले यही भनेका हुन्। आर्य वैदिक सनातनीहरूले हजारौं वर्ष पहिलेदेखि भन्दै आएको कुरा हो यो। वेदमा भनिएको छ, 'ॐ द्यौ शान्तिरन्तरिक्षः शान्तिः रापशान्तिः...इत्यादि', राष्ट्रपति पौडेलले भन्नुभयो, "त्यो बेला आजको जस्तो जलवायु परिवर्तन भएको थिएन। सायद हाम्रो वरपरको वातावरण प्रदूषित भइसकेको थिएन। तैपनि वैदिक मन्त्र द्रष्टाहरूले हावा, पानी, माटो र वायुमण्डल एवं वनवृक्षहरू समेतको शान्तिको कामना गरे। त्यतिमात्र हैन विश्वदेवा शान्ति, ब्रह्म शान्तिसम्मको आराधना गरे। त्यसैले अबको युग वैदिक संस्कृतिको पुनरुत्थानको युग मान्दा र त्यो अनुसारको चिन्तन र आचरणमा चल्न सक्ने हो भने आजको जलवायु परिवर्तन र अन्तर्राष्ट्रिय कलहको समेत समाधान भेटिनेछ भन्ने मलाई लाग्छ।"

उहाँले त्यतिमात्र नभएर पूर्वीय दर्शनले अभिप्रेरित गरेको सबै जात, जाति, धर्म, सम्प्रदाय, भाषाभाषीबीचको समभाव र एकता नै सङ्घीय लोकतान्त्रिक गणतन्त्रको पनि मूल लक्ष्य भएको पनि स्पष्ट पार्नुभयो।

उहाँले ऋषिमहर्षिहरूको तपोभूमि, देवदेवीहरूको क्रिडास्थली, एक पवित्र तीर्थस्थल बराहक्षेत्रको वक्षस्थलमा रहेको प्राचीन हरिद्वार चतराधामको पवित्र कुम्भ नगरीमा सहभागी हुन पाउँदा सुखानुभूति भएको उल्लेख गर्दै चतराधाम नेपालका चार धाममध्येको एक धार्मिक, ऐतिहासिक, सांस्कृतिक, पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण मात्र होइन विश्वकै चार पवित्र क्षेत्रमध्येको एक मानिएको पनि बताउनुभयो।

राष्ट्रपति पौडेलले नेपाल भौगोलिक, आध्यात्मिक, धार्मिक तथा सांस्कृतिक दृष्टिले उच्चतम स्थान भएको र हिमालयको काखमा अवस्थित सुन्दर र शान्त नेपालमा कैयौं महिमामय प्राकृतिक, धार्मिक, सांस्कृतिक र ऐतिहासिकस्थल तथा प्रकृतिको वरदानका रूपमा प्रशस्त नदीनाला, हिमशृङ्खला, तालकुण्ड, आश्रम वा तपोभूमिहरू रहेको उल्लेख गर्दै परापूर्वकालदेखि नै हिमशृङ्खलाबाट उद्गम भएर बग्ने पवित्र नदीहरूको प्रवाह, महान् व्यक्तित्वहरूको जन्म, तपसाधना र उहाँहरूबाट मानवजातिको सर्वोत्तम हितका लागि व्यक्त विचारका कारण यसको आफ्नै महत्व र महिमा रहँदै आएको पनि बताउनुभयो।

राष्ट्रपति पौडेलले आन्तरिक तथा बाह्य पर्यटनको प्रवर्द्धन, विभिन्न जातजाति, धर्म, लिङ्ग र सम्प्रदायका व्यक्तिलाई एकै सूत्रमा बाँध्न सक्ने, राष्ट्रियता, राष्ट्रिय एकता, स्वतन्त्रता र सार्वभौमिकताको संरक्षण, संवर्द्धन गर्न सकिने उद्देश्य राखेर आयोजना गरिएको कुम्भ मेला नेपालकै गौरव भएको बताउँदै गौरवपूर्ण यो अवसरलाई सदुपयोग गर्दै धार्मिक पर्यटकीय गन्तव्यको विकास गर्ने कार्यमा योगदान पुग्ने विश्वास व्यक्त गर्नुभयो।

उहाँले विभिन्न देशका भक्तजनरू एकै ठाउँमा भेला भई विद्वत् सम्मेलन गर्ने, कुम्भ मेलाकै अवसरमा सामूहिक व्रतबन्ध गर्ने, साहित्यिक गतिविधिहरू सञ्चालन गरिनुले सामाजिक जागरणमा समेत सकारात्मक भूमिका खेल्ने अपेक्षा पनि व्यक्त गर्नुभयो।

राष्ट्रपति पौडेलले स्वस्थ र सभ्य संस्कृतिको विकास गरी सामाजिक सुसम्बन्धमा आधारित समाजको निर्माण गर्ने तथा सांस्कृतिक विविधताको सम्मान गर्दै सामाजिक, सद्भाव, ऐक्यबद्धता र सामञ्जस्य कायम गरी राष्ट्रिय एकता सुदृढ गर्ने राज्यको सामाजिक र सांस्कृतिक उद्देश्यलाई साकार रुप दिन आवश्यक भएको पनि बताउनुभयो।

"यस क्षेत्रको संरक्षण र संवर्द्धन तथा समग्र विकासका लागि विस्तृत अध्ययन गरी गुरुयोजना तयार गर्ने र अल्प, मध्य तथा दीर्घकालीन रूपमा गरिनेसहित पूर्वाधार निर्माणका काम गर्नुपर्ने आवश्यकता मैले देखेको छु", उहाँले भन्नुभयो, "तीनै तहका सरकारले आफ्नो बजेट, नीति तथा कार्यक्रमभित्र समावेश गरी यस्ता धार्मिक तथा ऐतिहासिक क्षेत्रलाई आकर्षक पर्यटकीय क्षेत्रका रूपमा विकास गरी मुलुकको समृद्धिमा योगदान पुऱ्याउन सकिने पनि मैले ठानेको छु।"

उहाँले स्कन्दपुराणको हिमाद्रि खण्डको अध्ययनपश्चात् अमृतका थोपा मात्र झरेका ठाउँमा मित्रराष्ट्र भारतका चार स्थानहरू प्रयाग, नासिक, उज्जैन र हरिद्वारमा कुम्भमेला लागिरहेको सन्दर्भमा नेपालमा अमृतको तर बटारेर पिण्ड नै राखेको ठाउँमा कुम्भमेला लगाउनु झन् युक्तिसङ्गत हुन्छ भन्ने शास्त्रार्थ गरेर शङ्कराचार्य, जगद्गुरु, धर्माचार्य एवं विशिष्ट सन्त, महन्तसमेतलाई सहभागी गराई नेपालको कुम्भलाई विश्वकै कुम्भका रूपमा स्थापित गराउन गर्नुभएको प्रयासका लागि जगत्गुरुको प्रशंसा पनि गर्नुभयो।

यसैबीच, राष्ट्रपतिले श्रीराधा सर्वेश्वर मन्दिरमा दर्शन तथा पूजा, अर्चना गर्नुभयो भने त्यहाँ निर्माण गरिएको आचार्य केशवशरण स्मृति भवनको समुद्घाटन पनि गर्नुभएको थियो।

महाकुम्भ मेलाको सफलताको शुभकामना व्यक्त गर्दै कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्कीले कुम्भमेलाले बराहक्षेत्रको आर्थिक समृद्धिका लागि पनि महत्वपूर्ण भूमिका खेलेको बताउनुभयो। उहाँले सरकारले यस्ता धार्मिक मेलाहरूलाई सामान्य पूजाआजाका रूपमा मात्र नलिई यसले देशकै पर्यटन तथा आर्थिक गतिविधि चलायमान बनाउने अवसरका रूपमा लिएर सहयोग गरेको बताउनुभयो।

उहाँले भन्नुभयो, "सरकार सबै संस्कृति, भाषा, धर्मको संरक्षक हो। त्यसैले भौतिक विकास मात्र होइन मानवीय विकासमा पनि कोशी प्रदेश सरकारले विभिन्न क्षेत्रका धार्मिक क्षेत्रको विकासमा सहयोग गरिरहेको छ।"

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री हितबहादुर तामाङलगायतले महाकुम्भको सफलताका लागि शुभकामना व्यक्त गर्नुभयो। कुम्भमेलाका संस्थापक तथा नेपालका प्रथम जगद्गुरु बालसन्त मोहनशरण देवाचार्यले शास्त्रहरूमा चतरामा कुम्भमेला लगाउने प्रशस्त आधार भेटिएकाले यहाँ कुम्भमेला लगाउन सुरु गरिएको बताउनुभयो। उहाँले कुम्भमेलामा सहभागी बन्न सबै नेपालीमा आह्वान गर्नुभयो।

विसं २०८१ वैशाख २८ गतेसम्म सञ्चालन हुने महाकुम्भ मेलामा देश विदेशबाट करिब ३० लाख दर्शनार्थी सहभागी हुने आयोजकको अनुमान छ। विगतमा भारतका विभिन्न स्थानमा मात्र कुम्भमेला लाग्ने गरेकोमा २०५९ सालबाट सुनसरीको चतरामा पनि कुम्भमेला लाग्न थालेको हो। चतरामा हरेक ६ वर्षमा अर्धकुम्भ र १२ वर्षमा पूर्ण कुम्भमेला लाग्ने गरेको छ।

**हनुमान कथा वाचन**

महाकुम्भकै अवसरमा चतरास्थित रामानन्दाचार्य सेवा पीठले पनि मंगलबारबाट नवरात्र अनुष्ठान सुरु गरेको छ। अनुष्ठानअन्तर्गत रामचरित मानस नवपाठ परायण, वाल्मीकि रामायणपाठ, दुर्गासप्तसती चण्डीपाठ, राम पञ्चाङ्ग, चन्द्रकला सखीबाट राम कथा वाचनलगायत कार्यक्रम सुरु गरेको छ।

पीठले वैशाख १ देखि सङ्कटमोचन श्रीहनुमद महायज्ञ गर्ने र वैशाख ५ मा पीठको निमन्त्रणमा भारतको बागेश्वर धामका कथावाचक धीरेन्द्र शास्त्री (बागेश्वर सरकार) सहभागी हुने कार्यक्रम छ। शास्त्रीले चतरामा वैशाख ९ गतेसम्म हनुमान कथा वाचन गर्ने आयोजकले जनाएको छ।

# विश्वविद्यालय पदाधिकारी नियुक्तिमा क्रमभङ्गता

**विनोदखण्ड तिमिल्सेना**
काठमाडौँ, २७ चैत (रासस) ।

भनिन्छ, कुनै पनि देशलाई ध्वस्त पार्नु छ भने कुनै आणविक अस्त्र वा लामो दूरीको क्षेप्यास्त्र प्रयोग गर्नु पर्देन, बरु त्यस देशको शिक्षा क्षेत्रलाई गतिहीन र ध्वस्त बनाए पुग्छ । युरोप र जापानमा जति हतियार र क्षेप्यास्त्र इतिहासमा सायदै संसारको अरु कुनै भागमा प्रयोग भए होला । तर पनि त्यहाँको विकास र समृद्धिमा युद्धको प्रभाव कमजोर छ किनकी त्यहाँको शिक्षा प्रणाली व्यवस्थित र संस्थागत भएको छ ।

युरोपका अधिकांश मुलुकहरू आर्थिक गतिविधिहरूको केन्द्र बनेका छन् । त्यहाँ व्यवस्थित प्रणाली र प्रभावशाली संस्थागत विकास भएको छ । अमेरिका संसारको सबैभन्दा शक्तिशाली र वैश्विक आकर्षणको थलो हो । चीन, अष्ट्रेलिया, जापान, क्यानडाआदि संसारका प्रभावशाली राष्ट्रहरू हुन् ।

सिंगापुरले आर्थिक रूपमा सबलता हासिल गरेको छ । संयुक्त अरब इमिरेटस र कतार नयाँ एशियायी शक्तिका रूपमा उदाएका छन् । किनकी यी देशहरूमा शैक्षिक संस्था र विश्वविद्यालयहरूमा योग्यतामा आधारित प्रणाली ( मेरिटोक्रेसी)लाई उच्च स्थान र प्राथमिकता दिइएको हुन्छ । विद्यार्थी मेरिटका आधारमा भर्ना पाउँछन्, प्राध्यापक अनुसन्धान दक्षता र शैक्षिक उपलब्धिको मेरिटकै आधारमा विश्वविद्यालय छिर्छन् ।

नेपालका शिक्षण संस्था र विश्वविद्यालयमा नेतृत्वदायी भूमिकामा नियुक्तिका लागि नेतृत्वगणलाई कस्ता मानिसहरू रुचिकर छन् भन्ने अनुभवमा आधारित रहेर मनन् गर्न सकिन्छ । विश्वविद्यालयप्रति आममानिसको भरोसा, शिक्षा मन्त्रालयले विश्वविद्यालयहरूमा दिने प्राथमिकता र उच्च शिक्षाका शैक्षिक उत्पादनहरूको विदेशतर्फ पलायनका लागि लामबद्ध लर्कोलाई अवलोकन गर्दा नेपालका संस्थाहरूको विकासमा विश्वविद्यालयबाट भरोसायोग्य नेतृत्व प्रदान नभएको सत्य हो ।

राजनीतिक नेतृत्वमा रहेर शैक्षिक प्रतिष्ठानहरूमा हस्तक्षेप र विश्वविद्यालय वा प्राज्ञिक भूमिकामा रहँदारहँदै राजनीतिक गतिविधिमा अधिक सक्रियताले नेपालमा राजनीतिक व्यक्तित्व र प्राज्ञिक व्यक्तित्व पहिचानमा व्यापक चुनौती थपिएको छ । राजनीतिक भाग पाउनकै लागि विश्वविद्यालय क्याम्पसको होस्टलमा वर्षौंसम्म बसिरहेका र 'राजनीति' गरिरहेका अराजनीतिक व्यक्तिहरूको इशारा र पञ्जाबाट विश्वविद्यालयको नेतृत्वलाई निरपेक्ष राख्न नसक्दासम्म मेरिटोकेसी मृगतृष्णा मात्र हुनेछ । विशेषगरी कुनै राजनीतिक दलका नेताको फुर्को समातेर विश्वविद्यालय छिर्ने, केही समयपछि अनसनको जुस पिएर स्थायी बन्ने वा पदोन्नति लिने, बौद्धिक चोरी गरेर प्रकाशन गर्ने र सङ्घ वा सङ्गठनलाई भजाएर राजनीतिक नियुक्तिका रूपमा विश्वविद्यालयको पदाधिकारीमा आसिन हुने र निजी संस्था वा आसेपासेलाई सम्बन्धन बेचेर खाने लठैतहरूबाट विश्वविद्यालय जोगाउन शीर्षनेताहरूमा दायित्वबोधसहितको प्रतिवद्धता आवश्यक छ ।

विश्वविद्यालयहरूप्रति आमजनतामा खस्केको भरोसा जगाउने हो भने आमरूपमा कर्मप्रति प्रतिवद्ध, मेरिटोक्रेसीमा अब्बल, अनुसन्धान र अन्वेषणमा काबिल, भनाइ र गराइमा एकरुपता भएका, निडर, सादगी जीवन शैली र सदाचारी व्यवहार भएका मानिसहरू विश्वविद्यालयका नेतृत्वमा पुऱ्याउनु पर्छ । यस्ता जनशक्तिले संस्थागत विकासमा भरोसायोग्य परिणाम दिन सक्छन् ।

नेपालमा मेरिटोक्रेसीका जगमा यस्तै मानिसहरू विश्वविद्यालयहरूको नेतृत्वमा पुऱ्याउन सकेमा मात्रै विश्वका समृद्ध मुलुकमा जस्तै विश्वविद्यालयलाई आकर्षणको केन्द्र बनाउन सकिन्छ । आज विदेशका विश्वविद्यालयमा अध्ययन गर्न जानका लागि तम्तयार युवाशक्तिलाई रोक्ने मात्र हैन, विदेशी विद्यार्थीलाई नेपालमा आकर्षण पनि गर्न सकिन्छ । कतिपय विभागहरूले विदेशी विद्यार्थीसमेत भित्र्याएका दृष्टान्तहरू पनि हामीसँग छन् ।

यही आवश्यकताको महशुस गरेर र जनअपेक्षाको कुरा हृदयङ्गम गरेर हुनुपर्छ केही महिना पहिले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले पहिलोपटक नेपालका विश्वविद्यालयहरूमा मेरिटोकेसीका आधारमा नेतृत्व चयन गरेर नेपालको शिक्षा पद्धतिमा भरोसा जगाउने उद्घोष गर्नुभयो । लामो समय लगायर सार्वजनिक प्रतिस्पर्धाका आधारमा मेरिटको मापदण्ड र मान्यताअनुसार नेपालको सबैभन्दा ठूलो विश्वविद्यालय त्रिभुवन विश्वविद्यालयमा उपकूलपति नियुक्ति गर्ने काम भयो ।

आमरूपमा राजनीतिक नेतृत्वहरूको भागवण्डा र विशेषगरी कूलपतिको विश्वास वा रोजाइमा नियुक्ति हुँदै आएको उपकूलपतिको पद यसपटक कमभङ्गसहित नियुक्ति भयो । पोखरा विश्वविद्यालयमा उपकूलपति रहेका बखत कामबाटै आफूलाई अब्बल प्रमाणित गरेका प्राडा केशरजङ्ग बराल त्रिभुवन विश्वविद्यालयको उपकूलपतिमा नियुक्त भएपछि समग्र नेपाली शैक्षिक जगतमा सकारात्मक सन्देश प्रवाह भयो । आफ्नो पार्टीप्रति बढी प्रतिबद्धभन्दा शैक्षिक र अनुसन्धानमा अब्बल प्राज्ञिकहरू नेतृत्व बनेर शैक्षिक प्रतिष्ठान र विश्वविद्यालयमा आउँछन् भन्ने विश्वास भयो ।

अहिले नेपालका अधिकाश विश्वविद्यालय र क्याम्पसहरूले पूर्ण क्षमतामा विद्यार्थी पाउन सकेका छैनन् । यद्यपि सेमेस्टर प्रणालीअन्तर्गतका कतिपय विषयमा भने विद्यार्थीहरूको आकर्षण अझै पनि घटेको छैन । विद्यार्थीको पलायन भयावह छ । त्रिविअन्तर्गत आकर्षक मानिएका चिकित्सा शिक्षा र इन्जिनीयरिङ्ग कार्यक्रमहरूमा समेत विद्यार्थीको आकर्षण घट्दो छ ।

खासगरी मानविकी, शिक्षा, विज्ञान संकायअन्तर्गतका जनरल विषयहरूमा विद्यार्थीहरू भर्ना नै नहुने तथा भर्ना भए पनि बीचमै छाड्ने समस्या आमरूपमा परिचित छ । विश्वविद्यालय क्याम्पसका धेरै केन्द्रीय विभागहरूमा दुई अङ्कभन्दा कम सङ्ख्यामा र अधिकांश केन्द्रीय विभागहरूमा न्यून सङ्ख्यामा विद्यार्थीहरू रहेको अवस्था छ । तर मानविकी सङ्काय अन्तरगतकै केही विभागमा विधार्थीहरूले भर्ना हुन नपाउने र मेरिटमा सफल नभई प्रवेश नै नपाउने अवस्था पनि छ । तीमध्ये एक हो- अन्तराष्ट्रिय सम्बन्ध तथा कूटनीति विभाग ।

त्रिभुवन विश्वविद्यालयले सन् २०१३ मा अन्तर्राष्ट्रिय सम्बन्ध र कूटनीति विषयमा स्नात्तकोत्तर कार्यक्रम भाडामा लिएका तीनवटा कोठाबाट शुरु गरेको थियो । आदर्श नमूनाका रूपमा संचालन भएको यो कार्यक्रममा गुणस्तरीयताका लागि सम्झौताहिन तरिकाले र पूर्ण पेशागत समर्पणका साथ शैक्षिक नेतृत्वले काम गरेकै कारणले सो कार्यक्रमको प्रारम्भदेखि अहिले २०२४ सालसम्म विद्यार्थीहरूको आकर्षण कहिल्यै घटेको छैन । अहिले त्रिभुवन विश्वविद्यालयको हाताभित्र आफ्नै भवनमा स्नात्तकोत्तर, दर्शनाचार्य र विद्यावारिधि समेतमा अन्तर्राष्ट्रिय सम्बन्ध र कूटनीति विषयमा पठनपाठन हुन्छ ।

नेपालबाट मात्र हैन विदेशबाट समेत विद्यार्थीहरू अध्ययन गर्न आउने गरेका छन् र मेरिटमा अब्बल हुनेहरूले मात्र भर्ना पाउँछन् । शैक्षिक नेतृत्वको भूमिका र प्रभाव कति दिगो र दीर्घकालीन हुन्छ भन्ने यो सफल उदाहरण समग्र त्रिविका शैक्षिक सरोकारवालाहरूबीच चर्चाको विषयका रूपमा रहेको छ । सो कार्यक्रमको शैक्षिक र प्राज्ञिक नेतृत्व जापानको नागासाकी विश्वविद्यालयबाट विद्यावारिधि गरेर नेपालमा फर्किएका प्राडा खड्ग केसीबाट भएको थियो, जो हालै त्रिविका उपकूलपतिबाट विश्वविद्यालयको रेक्टर पदका लागि शिफारिश हुनुभएको छ ।

रजिष्ट्रारका रूपमा सिफारिस भएका प्राडा केदारप्रसाद रिजालको गुगल स्कलर पछ्याउँदा उहाँ पनि काबिल अनुसन्धानकर्ता भएको भेटिन्छ । त्रिभुवन विश्वविद्यालयका उपकुलपतिले सफल र काविल शैक्षिक व्यक्तित्वहरू समेतको टिम निर्माण गरेर देशमा व्याप्त शैक्षिक निराशालाई चिर्ने र राजनीतिक हस्तक्षेपमुक्त प्राज्ञिक वातावरण निर्माणको प्रयत्न गरेको देखिन्छ । यो सह्राहनीय छ । राजनीतिक नेतृत्वको सुझबुझपूर्ण अहस्तक्षेप आम नागरिक र सरोकारवालाहरूको अपेक्षा हो ।

त्रिविमा रेक्टर र रजिष्ट्रारको नियुक्तिमा पनि विगतको निरन्तरतामा कमभङ्गताको टड्कारो आवश्यकता छ । यसका लागि प्रधानमन्त्री एवं कुलपति पुष्पकमल दाहाल 'प्रचण्ड' र आमसञ्चार माध्यममा निकै लोकप्रिय मानिएकी र धेरैले आशा समेत गरेकी शिक्षामन्त्री एवं सहकुलपति सुमना श्रेष्ठले दवाबहरूलाई विश्वासमा लिनु पर्दछ । अन्यथा निरन्तरतामा निरन्तरित हुने हो भने विश्वविद्यालय सुधारको प्रतिवद्धता र रुपान्तरण अलपत्र पर्ने देखिन्छ ।

मेरिटोक्रेसीमा आधारित भई त्रिवि र समग्र विश्वविद्यालयहरूको सुधार गर्ने र विश्वविद्यालयको नेतृत्वलाई कुनै हस्तक्षेप नगर्ने प्रधानमन्त्री प्रचण्डको घोषित प्रतिबद्धता पछ्याएर उपकुलपति प्राडा बरालले सिफारिस गरेका व्यक्तित्वहरूलाई विश्वविद्यालयको रेक्टर र रजिष्ट्रार पदमा नियुक्ति गर्नु तत्कालको सबैभन्दा उत्तम विकल्प हो ।

जादूको छडीका रूपमा काम भैहाल्छ भन्ने होइन तर पनि यो नै सही गन्तव्यतर्फको प्रारम्भ हुनसक्छ । यसमा सबै सत्ता साझेदार राजनीतिक पार्टीहरूको ऐक्यवद्धता आवश्यक छ । प्राध्यापक कर्मचारीहरूका पेशागत सङ्घ सङ्गठनहरूको र सकारात्मक भूमिका र परिणामका लागि समर्पित वास्तविक विद्यार्थीहरूको पनि हातेमालो आवश्यक छ ।

राजनीति सबै नीतिहरूको जननी हो । सपारेको यश र अपजश मूलतः राजनीतिले नै लिन पाउनुपर्छ र लिनुपर्छ । पछिल्लो समयमा हामी नेपालीलाई र समग्र नेपालको संस्थागत विकासलाई राजनीतिले साह्रै नराम्रोसँग बिगारेको छ भन्ने आमभनाइ छ । यो भनाइ अतिशयोक्तिपूर्ण हो जस्तो लाग्दैन । हामीले हासिल गरेका अनुभवले पनि यस भनाइलाई सहयोग नै गरेको अनुभूति छ । नेपालमा मेरिटोक्रेसीलाई स्थान दिनै पर्ने वस्तुगत आवश्यकता छ ।

मेरिटोक्रेसीलाई अपनाउने र प्रश्रय दिने प्रतिवद्धता गरेर आफ्नाहरूलाई उच्च राजनीतिक नेतृत्वले सँधै संरक्षण मात्रै गर्दैन भनी आफूलाई प्रमाणित गर्न सकेमा मात्र विरासतमा रहेका राजनीतिक नेतृत्वप्रति जनताको भरोसा क्षयीकरण हुनबाट रोकिन्छ र केही गुमेको भरोसा पुनर्जागरण हुन सक्दछ । *(लेखक त्रिविविका उपप्राध्यापक हुनुहुन्छ)*

## विश्व समाचार

### टर्कीएले इजराइलमाथि व्यापार प्रतिबन्ध लगाउने

इस्तानबुल, २७ चैत (रासस/एएफपी) ।

गाजामा इजराइली युद्धको जवाफमा टर्कीएले मङ्गलबारदेखि सिमेन्ट, स्टिल र फलामको निर्माण सामग्रीसहित धेरै उत्पादनमा इजराइलमाथि व्यापार प्रतिबन्ध लगाउने व्यापार मन्त्रालयले विज्ञप्तिमा बताएको छ ।

"इजराइलले तत्काल युद्धविराम घोषणा नगरेसम्म र गाजामा मानवीय सहायताको पर्याप्त तथा निर्बाध प्रवाहको अनुमति नदिएसम्म यो निर्णय कायम रहने छ", मन्त्रालयले सामाजिक सञ्जालमा घोषणा गरेको छ । इजराइलले गाजालाई हवाई सहयता प्रदान गर्ने आफ्नो प्रयासलाई रोकेको एक दिनपछि टर्कीएले नयाँ कदम चालेको हो ।

विदेशमन्त्री हकन फिदानले सोमबार इजराइलविरुद्ध प्रतिशोधको वाचा गर्दै प्रतिबन्धलाई 'चरणबद्ध रूपमा' र 'बिना कुनै ढिलाइ' लागु गरिने बताउनुभयो । टर्कीए गाजामा इजराइलको युद्धको सबैभन्दा कठोर आलोचकहरूमध्येको एक रहेको छ । राष्ट्रपति रेसेप तैयम एर्दोगानले इजराइललाई 'आतङ्कवादी राज्य' को संज्ञा दिनुभएको छ ।

### अफगान भूकम्पको छ महिना बित्दा पनि २४ हजार बढि परिवार घरबारविहीन : राष्ट्रसंघ

काबुल (अफगानिस्तान), २७ चैत (रासस/एएनआई) ।

संयुक्त राष्ट्रसङ्घीय मानवीय सहायता समन्वय कार्यालयले भूकम्पबाट प्रभावित २४ हजार आठ सय हेराती परिवार अस्थायी आश्रयमा बसिरहेको घोषणा गरेको खामा प्रेसले जनाएको छ । त्यहाँ सन् २०२३ अक्टोबर ७ मा छ दशमलव तीन रेक्टर स्केलको विनाशकारी भूकम्प गएको थियो ।

सामाजिक सञ्जाल एक्समा गरिएको एक पोष्टमा संयुक्त राष्ट्र-सम्बद्ध सङ्गठनले हेरातका प्रकोप प्रभावित परिवारहरूलाई बिर्सन नहुने जनाउँदै आधारभूत सुविधाका साथ सहयोग गर्नु पर्नेमा जोड दिएको छ ।

संयुक्त राष्ट्रसङ्घको कार्यालयलाई उद्धृत गर्दै खामा प्रेसले रिपोर्ट हेरातमा भूकम्पले दुई लाख ७५ हजार मानिसलाई असर गरेको र ४० हजार घर ध्वस्त भएको बताएको छ ।

संयुक्त राष्ट्रसङ्घको मानवीय सहायता समन्वय कार्यालयअनुसार यस प्रान्तमा मानवीय गतिविधिहरू जारी छन् । हेरातमा विनाशकारी भूकम्पमा बालबालिका तथा महिलासहित सयौं मानिसले ज्यान गुमाएका थिए ।

कार्यलयका अनुसार भूकम्पको गम्भीर प्रकोपबाट बचेका मानिसलाई भूकम्पको छ महिनापछि पनि सहयोगको निरन्तर आवश्यकता छ । यद्यपि तालिबानको नियन्त्रणका कारण अन्तर्राष्ट्रिय निकायहरू सक्रियरूपमा सहयोग गर्न असमर्थ भएको खामा प्रेसले रिपोर्ट गरेको छ ।

यसअघि रेडक्रस समितिले भूकम्प पीडितका लागि हेरातमा सुरक्षित र न्यानो आवासको आवश्यकतामा जोड दिएको थियो । तथापि हेरातका स्थानीयवासीहरूले तालिबान र संयुक्त राष्ट्रसङ्घका एजेन्सीहरूले हेरातमा भूकम्प पीडितहरूलाई अन्य राष्ट्रहरू र अन्तर्राष्ट्रिय संस्थाहरूले दिएको सहायताको बारेमा पर्याप्त रिपोर्ट नगरेको दाबी गरेका छन् ।

### हेपाटाइटिस भाइरसबाट दैनिक तीन हजार ५०० मानिसको ज्यान जाने गर्छ : डब्ल्यूएचओ

जेनेभा, २७ चैत (रासस/एएफपी) ।

विश्व स्वास्थ्य सङ्गठन (डब्ल्युएचओ) ले हेपाटाइटिस भाइरसबाट हरेक दिन तीन हजार पाँच सयभन्दा बढी मानिस मर्ने गरेको र यो सङ्ख्या बढिरहेको मङ्गलबारचेतावनी दिएको छ ।सङ्गठनले दोस्रो सबैभन्दा ठूलो सङ्क्रामक हत्यारा यस भाइरससँग लड्न छिटो कारवाही गर्न आग्रह गरेको छ ।

यस साता पोर्चुगलमा भएको विश्व हेपाटाइटिस शिखर सम्मेलनका साथ जारी डब्ल्युएचओको प्रतिवेदनअनुसार सन् २०२२ मा एक सय ८७ मुलुकको तथ्याङ्कले भाइरल हेपाटाइटिसबाट मृत्यु हुनेको सङ्ख्या १३ लाख पुगेको देखाएको छ ।डब्ल्यूएचओको ग्लोबल एचआईभी, हेपाटाइटिस र यौन सञ्चारित सङ्क्रमण कार्यक्रम प्रमुख मेग डोहर्टीले यो डरलाग्दो प्रवृत्ति भएको बताउनुभयो ।

प्रतिवेदनमा हेपाटाइटिस सङ्क्रमणबाट विश्वभर दैनिक तीन हजार पाँच सयको मृत्यु हुने गरेको र त्यसमा ८३ प्रतिशत हेपाटाइटिस बी र १७ प्रतिशत हेपाटाइटिस सीबाट हुने उल्लेख छ ।

प्रतिवेदनमा प्रभावकारी र सस्तो जेनेरिक औषधिले यस्तो भाइरसहरूको उपचार गर्न सकिने र सन् २०२२ मा पुरानो हेपाटाइटिस-बी बाट सङ्क्रमण भएकामध्ये तीन प्रतिशतले मात्र उपचार पाएको उल्लेख छ ।हेपाटाइटिस-सीबाट सङ्क्रमितमध्ये २० बीस प्रतिशतको उपचार गरिएको थियो ।

"हेपाटाइटिसको सङ्क्रमणलाई रोक्न विश्वव्यापी रूपमा प्रगति भए पनि मृत्युदर बढ्दै गएको छ", डब्ल्यूएचओ प्रमुख टेड्रोस अधानोम गेब्रेयससले एक विज्ञप्तिमा भन्नुभयो ।

अफ्रिकामा पाँचमध्ये एक शिशुलाई जन्मको समयमा खोप लगाइए पनि नयाँ हेपाटाइटिस-बी सङ्क्रमणको ६३ प्रतिशत मामिला देखिएको प्रतिवेदनमा उल्लेख छ । संयुक्त राष्ट्र एजेन्सी डब्ल्युएचओले प्रभावित देशहरूसँग जेनेरिक हेपाटाइटिस औषधिमा पर्याप्त पहुँच नभएकामा पनि दुःख व्यक्त गरेको छ ।

प्रतिवेदनअनुसार कूल हेपाटाइटिसका दुई तिहाइ केस बङ्गलादेश, चीन, इथियोपिया, भारत, इन्डोनेसिया, नाइजेरिया, पाकिस्तान, फिलिपिन्स, रुस र भियतनाममा छन् । सन् २०२५ सम्ममा यी१० देशमा हेपाटाइटिस रोकथाम गर्न र उपचारमा विश्वव्यापी पहुँच पुयाउन आवश्यक रहेको डब्ल्यूएचओले बताएको छ ।

# विकास र शान्तिका लागि छात्रा क्रिकेट प्रतियोगिता



**दैनिक समाचारदाता**
**राजविराज, २७ चैत ।**

विकास र शान्तिका लागि अन्तराष्ट्रिय खेल दिवसको अवसरमा मंगलबार छात्रा क्रिकेट प्रतियोगिताको आयोजना गरिएको छ ।

छात्रा क्रिकेट खेलाडीको उत्पादनसँगै क्षमता अभिवृद्धिका लागि मैत्रीपूर्ण उत्कृष्ट श्री बिच अन्तर विद्यालय क्रिकेट प्रतियोगिता सम्पन्न भएको हो ।

उक्त प्रतियोगितामा उत्कृष्ट फुलकुमारी महतो माबि सिरहा र लिटिल एन्जेल राजबिराज बिच फाईनल खेल भएको थियो ।

फाईनल खेलमा फुलकुमारी माबि बन्दिपुर सिरहाले लिटिल एन्जेल राजबिराजलाई ६ रनको जित हात पारेको छ । निर्धारित ८ ओभरको खेलमा टस जितेर लिटिलले फुलकुमारी माबिलाई ब्याटिङ गर्न दिएपछि फुलकुमारीले ४४ रनको योगफल खडा गरेको थियो ।

जवाफमा लिटिल एन्जेल राजबिराजले ८ ओभरको खेलमा ३६ रन मात्र बनाउन सकेपछि फलकुमारी माबिले ६ रनले प्रतियोगिताको उपाधी जितेको हो ।

राजबिराजस्थित पवि माबि खेलमैदानमा समानताको लागि क्रिकेट परियोजना अन्तर्गत सबल नेपाल, क्रिकेट फाउण्डेशनको सहयोगमा तथा सप्तरी क्रिकेट संघको समन्वयमा खेलको आयोजना गरिएको थियो ।

उक्त प्रतियोगितामा लिटिल एन्जेलस मोडेल स्कुल राजबिराज, भसराज माबि कल्याणपुर र श्री नेपाल राष्ट्रिय फुलकुमारी महतो माबि बन्दिपुर कर्जन्हा सिरहा बिच चार चरणमा प्रतियोगिता गरिएको थियो ।

समापन्न कार्यक्रममा सबल नेपालका अध्यक्ष जुना गिरि, सप्तरी क्रिकेट संघका सचिव चन्दनकुमार यादव, फुलकुमारी माबि बन्दिपुरका प्राधानाध्यापक भानुभक्त ढकाल सबल, नेपालका परियोजना संयोजक नीर बहादुर आलेलगायतले शिल्ड, कप, मेडल प्रदान गरेका थिए भने कार्यक्रममा प्रशिक्षक धर्मेन्द्र चौधरी, सबल नेपालका कार्यक्रम अधिकृत आशिष गुप्ताले गरेका थिए ।

# कृषी पर्यटन र उद्योग क्षेत्रलाई प्राथमिकतामा राखेर कामकाज अगाडी बढेको छ : मन्त्री लेखी



**दैनिक समाचारदाता**
**जनकपुरधाम, २७ चैत ।**

मधेश प्रदेशका गृह, सञ्चार तथा कानून मन्त्री राजकुमार लेखीले कृषी पर्यटन र उद्योग क्षेत्रलाई प्राथमिकतामा राखेर प्रदेश सरकारले कामकाजलाई अगाडी बढाएको बताएका छन् ।

मधेश प्रदेशको समृद्धि, विकास तथा उद्योग बाणिज्य क्षेत्रमा देखिएका समस्या समाधानका लागि मंगलबार मन्त्रालयमै उद्योगी व्यापारीहरुसँग भएको छलफलको क्रममा उनले यस्तो बताएका हुन् ।

उनले मधेश प्रदेश सरकारले हरेक क्षेत्रलाई प्राथमिकता राखेर सुझाव सल्लाह लिने गरेको र सोही अनुसार अगामी दिनमा कार्ययोजना तयार गरी अघि बढने जानकारी दिए ।

उनले छलफलको क्रममा उठेका विषय वस्तुहरु मध्ये तत्काल समाधान गर्न सकिने विषयलाई सरकारले तत्कालै समाधान गर्ने र तत्काल गर्न नसकिने विषयलाई दिर्घकालिन योजना बनाएर कामलाई अगाडी बढाइने प्रतिबद्धता समेत व्यक्त गरे ।

उनले प्रदेश सरकारले काम गर्दै जाँदा उत्पन्न हुन सक्ने समस्याहरुको समाधानका लागि उद्योगी व्यवसायीहरुको भूमिका महत्वपुर्ण भएको भन्दै साथ सहयोगका लागि आग्रह पनि गरे । उनले केही कानून निमार्ण भइसकेको र केही निर्माणको क्रममा रहेकोले कानून निमार्णको कामले पूर्णता पाउन वित्तिकै प्रदेशको कामकाजले गति लिने जिकिर गरे ।

छलफलका क्रममा जनकपुरधाम उद्योग बाणिज्य संघका अध्यक्ष जितेन्द्र महासेठले मधेश प्रदेशको समृद्धिको अधार कृषि, पर्यटन र उद्योग क्षेत्र भनिएपनि विगतमा प्रदेश सरकारले सो अनुरुप काम गर्न नसकेको धारणा राखेका थिए । उनले मधेश प्रदेशमा ६१ प्रतिशत उब्जाउ जमिन रहे पनि परम्परागत खेतीको कारण उत्पादन बढ्न नसकेको भन्दै उत्पादन बढाउनका लागि अत्याधुनिक प्रविधिको प्रयोग गरी बैज्ञानिक प्रणालीमा अधारित भएर कामकाजलाई अगाडी बढाउनका लागि प्रदेश सरकारकारलाई आग्रह गरे ।

संघका वरिष्ठ उपाध्यक्ष मनिष रमन साहले मधेश प्रदेशमा लगानी गर्न चाहने लगानीकर्ताका लागि सुरक्षा सहितको बातावरण तयार हुनु पर्नेमा जोड दिए । उनले लगानीकर्तालाई उद्योग संचालनका लागि कर छुट, बिजुलीको व्यवस्थापन हुनु पर्ने माग गरे ।

उद्योग बाणिज्य संघ नेपालका पूर्व केन्द्रिय सदस्य निर्मल चौधरीले सप्तरीदेखी पर्सासम्म रहेको धार्मिक कोरीडोरलाई प्रदेश सरकारले पर्यटकीय क्षेत्रको रुपमा विकास गरी सञ्चार क्षेत्रको माध्यमले विश्वलाई चिनाउनु पर्ने धारणा राखेका थिए । उनले जानकी मन्दिरलाई छिटट्टै ट्रष्टमा लैजानका लागि प्रदेश सरकारले पहल गर्नु पर्ने भन्दै जनकपुरधाम आउने पर्यटकको लागि प्याकेजको व्यवस्थापन हुनु पर्ने माग गरे । छलफलमा मधेश प्रदेश सरकारका मुख्य न्यायाधिवक्ता विरेन्द्र कुमार ठाकुर सहितका व्यक्तिहरुको सहभागिता रहेको थियो ।

# उपनिर्वाचनका लागि बुधबारदेखि आचारसंहिता लागू हुँदै

काठमाडौं, २७ चैत (रासस) ।

निर्वाचन आयोगले आगामी वैशाख १५ गते हुने उपनिर्वाचन स्वच्छ, स्वतन्त्र, निष्पक्ष, भयरहित र सुरक्षित वातावरणमा सम्पन्न गर्न यही चैत २८ गतेदेखि सम्बन्धित क्षेत्रमा निर्वाचन आचारसंहिता लागू गर्ने निर्णय गरेको छ ।

आयोगमा रहेको उच्चस्तरीय निर्वाचन सुरक्षा समितिको बैठकको सिफारिससमेतका आधारमा प्रतिनिधिसभाको इलाम क्षेत्र नं २ र बझाङको प्रदेशसभा निर्वाचन क्षेत्र नं १ मा आचारसंहिता लागू गराउन जिल्ला निर्वाचन आचारसंहिता अनुगमन समितिलाई निर्देशन दिने निर्णय पनि गरेको छ ।

आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलद्वारा मंगलबार जारी विज्ञप्तिमा निर्वाचन आचारसंहिता, २०७९ को दफा ४२ बमोजिम आचारसंहिताको पालना तथा राजनीतिक दल तथा उम्मेदवारले गर्न पाउने निर्वाचन खर्चको सम्बन्धमा नेपाल प्रहरी, अन्य सुरक्षा निकाय, कुनै कार्यालय वा व्यक्तिमार्फत आवश्यक सूचना र विवरण लिई तत्काल कारबाही गर्न निर्देशन दिइएको छ ।

यसैगरी राजनीतिक दल, उम्मेदवार, दलको भातृ सङ्गठन तथा सम्बन्धित व्यक्तिले पालना गर्नुपर्ने आचारण जुलुस, आमसभा, कोणसभा, बैठक वा भेलासम्बन्धी विषय, सवारीसाधनको प्रयोग र सञ्चारमाध्यमको प्रयोगसम्बन्धी विषय र निर्वाचन खर्चसम्बन्धी विषयमा दैनिक विवरण लिन भनिएको छ ।

आयोगमा रहेको उच्चस्तरीय निर्वाचन सुरक्षा समितिको बैठकले निर्वाचन सुरक्षा व्यवस्थाका सम्बन्धमा पनि तयारी समीक्षा गरेको आयोगले जनाएको छ ।

# कोशी प्रदेश प्रमुख खापुङसमक्ष मधेसी आयोगको प्रतिवेदन पेस

मोरङ, २७ चैत (रासस) ।

मधेसी आयोगले कोशी प्रदेशका प्रदेश प्रमुख परशुराम खापुङसमक्ष आर्थिक वर्ष २०७९/८० को वार्षिक प्रतिवेदन पेस गरेको छ ।

नेपालको संविधानको धारा २९४ एवं मधेसी आयोग ऐन, २०७४ को दफा २२ बमोजिम आयोगकी सदस्य रेनुदेवी साहले आयोगको पाँचौँ वार्षिक प्रतिवेदन मंगलबार पेस गर्नुभयो ।

प्रतिवेदन बुझ्दै प्रदेश प्रमुख खापुङले आयोगले पहिचान गरेका समस्या सबैको भएकाले भएकाले यसको समाधान गर्नु हामी सबैको जिम्मेवारी रहेको बताउनुभयो ।

प्रमुख खापुङले हरेक समुदायको समस्या समाधान गरी मुलुकलाई एकताबद्ध बनाउनु लाग्नुपर्नेमा जोड दिनुभयो । उहाँले नेपालको संविधानको आधार समानुपातिक, समावेशी र समानता भएकाले त्यसभित्र रहेर देशका सम्पूर्ण जातजातिबीच एकतालाई बलियो बनाउनु आवश्यक्ता औँल्याउनुभयो ।

प्रतिवेदन पेस गर्दै आयोगकी सदस्य साहले १६ जिल्लाका मधेसीको हकहित, धर्म, संस्कृति र न्यायको लागि आयोगले काम गरिरहेको बताउँदै आयोगमा परेका चार सय उजुरीमध्ये दाइजोसम्बन्धी धेरै रहेको जानकारी दिनुभयो ।

# लहानमा आठ करोड लागतमा ड्रेन बन्ने

सिरहा, २७ चैत (रासस) ।

सिरहाको लहान नगरपालिकाले रु आठ करोड ५८ लाख लागतमा लहानको खुल्ला नहरमा ड्रेन निर्माण गर्ने भएको छ । मंगलबार एक समारोहबीच नगर प्रमुख महेशप्रसाद चौधरीले ड्रेन निर्माण योजनाको शिलान्यास गर्नुभयो ।

लहान बजार सुन्दर बनाउने नगरको योजना बमोजिम ड्रेन निर्माण गर्न चैत १९ गते निर्माण कम्पनीसँग सम्झौता भएको नगरप्रमुख चौधरीले जानकारी दिनुभयो । "खुल्ला नहरले बजारक्षेत्र कुरुप बनाएको थियो । नहर व्यवस्थित नहुँदा बालबालिका र बृद्धबृद्धालाई आवतजावतमा जोखिम थियो, वर्षायाममा नजिकका घर जलमग्न हुने गरेका थिए," नगर प्रमुख चौधरीले भन्नुभयो, "सुन्दर लहान बनाउने परिकल्पना अब साकार हुनेछ । ड्रेन निर्माणपछि नहरको दाँयाबाँया सडक र किनारमा बगैँचासमेत निर्माण हुने उहाँले जानकारी दिनुभयो ।

लहान बजारको उत्तरतर्फ वडा नं १०, ६, ७, ८ को ग्रामीण चोक हुँदै मारवाडी टोल, घण्टाघर, हुलाक चोक हुँदै दक्षिणतर्फ बहने दुई किलोमिटर लम्बाईको नहरमा ड्रेन बन्ने वडा न. ७ का अध्यक्ष राम अवतार शर्माले जानकारी दिनुभयो । उहाँका अनुसार ड्रेन निर्माणको ठेक्का सुलभ गुम्दा, पिपी जेभी कम्पनीले लिएको छ ।

व्यवस्थित पक्की ड्रेन निर्माणले दुर्घटनाको जोखिम न्यूनीकरणका साथै लामखुट्टे आतङ्क नियन्त्रणमा सहयोग पुग्ने नगरपालिकाका सरसरफाइ संयोजक तथा वडा नं ८ का अध्यक्ष श्याम शाहले बताउनुभयो । योजना एक वर्षभित्र पूरा हुने नगरपालिकाले जनाएको छ ।

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- बिहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा बिहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**सुरुङ्गा नगरपालिका, सप्तरी**

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*